## अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

रामारोशन गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड:०८ संख्याः ४३ मितिः २०८२/०३/१०

**भाग-२**

## रामारोशन गाउँपालिका

## रामारोशन गाउँपालिकाको दलित समुदायका छात्र–छात्रालाई प्राविधिक शिक्षा छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०८२

**कार्यपालिकाबाट पारित मितिः २०८२।०३।०६**

---

**प्रस्तावना**

नेपालको संविधान, २०७२ ले शिक्षा, सामाजिक न्याय र समानताको हक सुनिश्चित गरेको छ। दलित र पछाडी परेको वर्गलाई झन विशेषाधिकार सहित शिक्षाको हक छ। नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४ ले समेत समेत आफ्नो क्षेत्राधिकार भित्रको विषयमा कानुन वनाई कार्यान्वयन गर्न सकिने अधिकार दिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (७) र रामारोशन गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमन गर्ने) ऐन, २०७४ को नियम ३ र ४ को अधिककार प्रयोग गरि रामारोशन गाउँपालिका अन्तरगतका दलित समुदायमा रहेका सामुदायिक विद्यालयमा अध्ययनरत छात्र र छात्राहरूलाई प्राविधिक शिक्षा अध्ययनका लागि छात्रवृत्ति उपलब्ध गराई शिक्षा तथा सशक्तिकरणमा पहुँच पुऱ्याउने उद्देश्यले "दलित छात्रवृत्ति कोष" स्थायी रूपमा स्थापना गरी कार्यान्वयन गर्न यो कार्यविधि तयार गरेको छ।

---

## रामारोशन गाउँपालिकाको दलित समुदायका छात्र–छात्रालाई प्राविधिक शिक्षा छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०८२

**१. संक्षिप्त नाम, प्रारम्भ र अधिकारिता**

१. यो कार्यविधिको नाम "रामारोशन गाउँपालिका दलित छात्र–छात्रा प्राविधिक शिक्षा छात्रवृत्ति कार्यविधि, २०८२" हुनेछ।

२. यो कार्यविधि गाउँपालिका कार्यपालिकाको निर्णयबाट पारित भएको मितिबाट लागू हुनेछ।

३. यो कार्यविधि स्थायी प्रकृतिको हुनेछ र प्रत्येक आर्थिक वर्षमा लागू हुनेछ।

---

**२. परिभाषा**

विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा प्रयोग भएका पदावलीहरू तलको अर्थमा बुझिने छन्:

१. **"गाउँपालिका"** भन्नाले रामारोशन गाउँपालिका, कार्यपालिकासहित बुझिन्छ।
२. **"छात्रवृत्ति"** भन्नाले दलित समुदायका छात्र–छात्रालाई प्राविधिक शिक्षा अध्ययन गर्न दिइने आर्थिक सहयोग बुझिन्छ।
३. **"दलित"** भन्नाले नेपालको संविधान तथा प्रचलित कानुनअनुसार दलित समुदायमा वर्गीकृत व्यक्ति बुझिन्छ।
४. **"छात्र/छात्रा"** भन्नाले गाउँपालिकाको सामुदायिक विद्यालयमा अध्ययनरत, SEE उत्तीर्ण गरी प्राविधिक शिक्षामा भर्ना हुन चाहने योग्य विद्यार्थी बुझिन्छ।
५. **"प्राविधिक शिक्षा"** भन्नाले CTEVT वा अन्य सम्बन्धित मान्यता प्राप्त संस्थाबाट सञ्चालित तालिम तथा शिक्षालाई जनाउँछ।
६. **"छात्रवृत्ति कोष"** भन्नाले यस कार्यविधिअनुसार स्थापना गरिएको "रामारोशन दलित छात्रवृत्ति कोष" लाई जनाउँछ।

---

**३. उद्देश्य**

१. दलित समुदायका छात्र–छात्रालाई प्राविधिक शिक्षामा पहुँच पुर्‍याउने।
२. शैक्षिक अवसरमा समानता ल्याउने।
३. सीपमूलक, रोजगारमुखी जनशक्ति विकास गरी समाजमा आत्मनिर्भरता र समावेशीता प्रवर्द्धन गर्ने।

---

**४. छात्रवृत्ति कोषको व्यवस्था**

**१.** गाउँपालिकाले स्थायी रूपमा "रामारोशन दलित छात्रवृत्ति कोष" स्थापना गर्नेछ।
**२.** कोषमा प्रत्येक आर्थिक वर्षमा न्यूनतम रु. ३,००,००० विनियोजन गरिनेछ।
**३.** संघ–संस्था, दातृ निकाय तथा अन्य साझेदारबाट प्राप्त सहयोग पनि सो कोषमा समावेश गर्न सकिनेछ।
**४.** कोषबाट छात्रवृत्ति वितरण र सम्बन्धित सबै खर्च गरिनेछ।
**५.** कोषको संचालन तथा लेखा परिक्षण गाउँपालिकाका अन्य खाताहरुझै हुनेछ ।

---

**५. छात्रवृत्तिको संख्या र रकम**

१. हरेक आर्थिक वर्षमा १ जना दलित छात्र र १ जना दलित छात्रालाई छात्रवृत्ति दिइनेछ।

२. छात्रवृत्तिको रकम अधिकतम जनही रु. १,५०,००० हुनेछ।

३. शिक्षण शुल्क, पुस्तक, सामग्री, यातायात, होस्टल वा अन्य अध्ययनसंग सम्बन्धित कार्यमा खर्चमा खर्च गर्न सकिनेछ।

---

**६. छात्रवृत्ति प्राप्त गर्ने छात्र/छात्राको योग्यता सम्बन्धि व्यवस्था**

**रामारोशन गाउँपालिकाको दलित समुदायका छात्र–छात्रालाई प्राविधिक शिक्षा छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०८२**

१. गाउँपालिकाको स्थायी बासिन्दा तथा दलित समुदायको प्रमाणित सदस्य हुनु पर्ने।
२. गाउँपालिकाकै सामुदायिक विद्यालयबाट SEE परीक्षा उत्तीर्ण गरेको हुनु पर्ने।
३. प्राविधिक शिक्षामा भर्ना भइसकेको वा भर्ना हुने तयारीमा रहेको हुनु पर्ने।
४. छात्र/छात्रामध्ये SEE मा **उच्चतम GPA प्राप्त** गरेको विद्यार्थी छनोट गरिनेछ।
५. अंक बराबर भएमा आर्थिक अवस्था, लिङ्गीय समावेशीता र इच्छाशक्ति हेरी छनौट गरिनेछ।

---

**७. आवेदन प्रक्रिया**
१. छात्रवृत्ति पुगेका योग्यता पुगेका इच्छुक छात्रछात्राले अनुसूचि १ बमोजिमको ढाँचामा गाउँपालिकाको शिक्षा शाखामा आवेदन दिनु पर्नेछ।
२. आवेदन दिने अन्तिम मिति हरेक आर्थिक वर्षको **असार मसान्त**सम्म हुनेछ।
३. आवेदन गर्दा निम्न कागजातहरू अनिवार्य रूपमा पेश गर्नु पर्नेछः

- नागरिकता प्रमाणपत्र वा नावालक प्रमाणपत्र
- दलित प्रमाणपत्र
- SEE को मार्कसिट
- विद्यालय सिफारिस
- प्राविधिक शिक्षालयबाट प्राप्त भर्ना स्वीकृति पत्र (भर्ना भइसकेपछि)

---

**८. छनौट प्रक्रिया**
१. शिक्षा शाखाले आवेदन संकलन गरी प्रारम्भिक योग्यताको मूल्याङ्कन गर्नेछ।
२. छनौट समिति (अनुच्छेद ११ मा वर्णित) ले SEE को GPA आधारमा छात्र–छात्रा छनौट गर्नेछ।
३. आवश्यकता अनुसार अन्तरवार्ता समेत गर्न सकिनेछ।

---

**९. छात्रवृत्ति वितरण विधि**
१. छात्रवृत्तिको रकम लाभग्राहीको व्यक्तिगत खातामा **किस्ताबद्ध रूपमा** पठाइनेछ:

- पहिलो किस्ता: भर्ना प्रमाण पेस गरेपछि (५०%)
- दोस्रो किस्ता: ६ महिनाभित्र अध्ययन प्रगति विवरण पेश गरेपछि (५०%)

९.२. रकमको सदुपयोग सुनिश्चित गर्न शिक्षा शाखाले नियमित अनुगमनको व्यवस्था मिलाउने छ।

---

**१०. फिर्ता, कारबाही तथा प्रतिवेदन व्यवस्था**
१. झुटो विवरण पेस गर्ने वा अध्ययन नगरि विचैमा छोड्ने अवस्थामा छात्रवृत्ति रकम फिर्ता गर्नुपर्नेछ।
२. दुरुपयोग भएमा प्रचलित कानुन बमोजिम कारबाही हुनेछ।
३. शिक्षा शाखाले प्रत्येक वर्ष छात्रवृत्तिको अवस्था र परिणामको मूल्याङ्कन प्रतिवेदन कार्यपालिकामा पेस गर्नेछ।

---

**११. छात्रवृत्ति छनौट समिति**

| **पद** | **व्यक्ति** | **भूमिका** |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | गाउँपालिका | संयोजक |
| शिक्षा शाखा प्रमुख | गाउँपालिका | सदस्य–सचिव |
| सामाजिक विकास समितिको संयोजक | गाउँपालिका | सदस्य |
| महिला वालवालिका शाखा प्रमुख | गाउँपालिका | सदस्य |

**१२. विशेष व्यवस्था**

**१.** कुनै कारणवश छनौट गरिएका छात्र/छात्राले छात्रवृत्ति नलिने वा योग्य नदेखिएमा वैकल्पिक विद्यार्थी छनोट गर्न सकिनेछ।

**२.** कार्यविधिमा उल्लेख नभएका विषयहरू कार्यपालिकाको निर्णय वा प्रचलित कानुनअनुसार व्यवस्थापन गरिनेछ।

## अनुसूची १

**श्री प्रमुख प्रशासकीय अधिकृतज्यू**
**रामारोशन गाउँपालिका, अछाम ।** मिति: …………………

**विषय: छात्रवृत्तिका लागि आवेदन ।**

श्रीमान्,
म रामारोशन गाउँपालिकाको स्थायी बासिन्दा तथा दलित समुदायको सदस्य हुँ। म यस वर्षको SEE परीक्षा उत्तीर्ण गरी प्राविधिक शिक्षामा भर्ना हुन इच्छुक/भर्ना भइसकेको छु। छात्रवृत्तिप्रदान गरिदिनु हुन अनुरोध गर्दछु। आवश्यक विवरणहरू निम्नानुसार पेश गर्दछु:

1. **पूरा नाम**: (देवनागरीमा): ....................................................
2. **पुरा नाम: (IN BLOCK LETTER)**
3. **लिङ्ग:** □ पुरुष □ महिला □ अन्य
4. **जन्म मिति:** ....................................................
5. **स्थायी ठेगाना:**
   वार्ड नं: ............
   टोल/गाउँ: ....................................
   फोन नं: .........................................
6. **अभिभावकको नाम र पेशा:** ....................................................
7. **दलित प्रमाणपत्र नं:** ...................................
8. **नागरिक्ता नं वा नावालक प्रमाणपत्र न: …**………………………………
9. **SEE पास वर्ष र प्राप्त GPA:** ....................
10. **भर्ना भएको संस्थाको नाम (CTEVT आदि):** ..............................
11. **भर्ना स्वीकृति मिति:** ....................................................
12. **अन्य जानकारी (यदि छ भने):** ...........................................

**संलग्न कागजातहरू:**

- नागरिकता प्रमाणपत्र/नावालक प्रमाणपत्र प्रतिलिपि
- दलित प्रमाणपत्र
- SEE को मार्कसिट
- विद्यालयको सिफारिस
- भर्ना स्वीकृति पत्र (छ भने)

मैले दिएको विवरण सत्य र सही भएको प्रमाणित गर्दछु।

---

आवेदकको हस्ताक्षर

---

**अनुसूची २**

**छात्रवृत्ति वितरण तथा अनुगमन फाराम** *(शिक्षा शाखाद्वारा प्रयोग हुने)*

**I. विद्यार्थीको व्यक्तिगत विवरण**

1. विद्यार्थीको पूरा नाम: ............................................................
2. लिङ्ग: □ पुरुष □ महिला □ अन्य
3. स्थायी ठेगाना: ............................................................
   गाउँपालिका: रामारोशन
   वार्ड नं: .................
4. नागरिकता नं (यदि भएमा): .......................................................
5. दलित प्रमाणपत्र नं: ..........................................................
6. मोबाइल नं: ..........................................................

**II. शैक्षिक विवरण**

1. SEE उत्तीर्ण वर्ष: ......................
2. प्राप्त GPA: ......................
3. अध्ययनरत प्राविधिक संस्था: ..............................................
4. कार्यक्रम/कोर्सको नाम: ......................................................
5. भर्ना मिति: ......................
6. पाठ्यक्रमको अवधि: ......................
7. हालको स्तर: □ प्रथम त्रैमासिक □ दोस्रो □ तेस्रो □ अन्तिम

**III. छात्रवृत्ति वितरण विवरण**

| **किस्ता नं** | **किस्ता दिने मिति** | **पठाइएको रकम (रु)** | **बैंक नाम/खाता नं** | **आधार (जस्तै भर्ना प्रमाण, प्रगति विवरण)** | **कैफियत** |
|---|---|---|---|---|---|
| पहिलो | ................. | रु. ............... | ............................ | भर्ना प्रमाणपत्र पेश | ...................... |
| दोस्रो | ................. | रु. ............... | ............................ | ६ महिनाको प्रगति विवरण | ...................... |

**IV. अध्ययन प्रगति विवरण**

1. नियमित उपस्थितिः □ हो □ होईन
2. आन्तरिक मूल्याङ्कन/परीक्षाफल (यदि उपलब्ध छ भने):
   - विषयगत औसत: ....................

3. शिक्षालयको टिप्पणी (अनुशासन, व्यवहार, प्रगति आदि):
   ..........................................................................
   ..........................................................................

---

**V. रकमको प्रयोग विवरण (सोधपुछ तथा अनुगमनबाट)**

1. छात्रवृत्ति रकम कुन कुन कार्यमा प्रयोग गरियो?
   ☐ शिक्षण शुल्क ☐ किताब/सामग्री ☐ यातायात ☐ होस्टल
   ☐ अन्य (उल्लेख गर्नुस्): .......................................
2. विद्यार्थी र अभिभावकसँग गरिएको अन्तरक्रिया/जाँचको सार:
   ..........................................................................
   ..........................................................................

---

**VI. अनुगमन विवरण**

1. अनुगमनको मिति: .............................
2. अनुगमन टोली/कर्मचारीको नाम र पद:
   - ............................................................
   - ............................................................
3. समग्र मूल्याङ्कन:
   ☐ सन्तोषजनक ☐ सामान्य ☐ असन्तोषजनक
   कैफियत: ...................................................................
   ...............................................................................

---

**VII. सिफारिस तथा टिप्पणी**

☐ दोस्रो किस्ता प्रदान गर्न सिफारिस

☐ प्रगति नदेखिएमा रकम रोकिने

☐ अन्य विशेष सिफारिस: .......................................................

---

**अनुगमन गर्ने कर्मचारीको नाम, दस्तखत र छाप**

नाम: .............................................................
पद: .............................................................
मिति: .............................................................

**रामारोशन गाउँपालिकाको दलित समुदायका छात्र–छात्रालाई प्राविधिक शिक्षा छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०८२**